नेपाली महावाणिज्यदूतावास
न्युयोर्क, संयुक्त राज्य अमेरिका
CONSULATE GENERAL OF NEPAL
NEW YORK, UNITED STATES OF AMERICA

## हुण्डी कारोबार निरुत्साहन गर्न सहयोग गर्ने सम्बन्धी जरुरी सूचना।

अनौपचारिक च्यानल वा माध्यमबाट गरिने विप्रेषण कारोबार (हुण्डी) एक गैरकानूनी कार्य हो । सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणका लागि अनौपचारिक च्यानल वा माध्यमको प्रयोग गरी नेपालतर्फ र नेपालबाट विदेशतर्फ विप्रेषण कारोबार (हुण्डी) हुन नदिनु नेपाल सरकारको अन्तर्राष्ट्रिय दायित्व रही आएको छ ।

अनौपचारिक विप्रेषण कारोबार (हुण्डी) ले मुलुकमा वैदेशिक मुद्राको कमी भई सोधनान्तर भुक्तानी क्षमतामा ह्रास आउनुका साथै अन्तर्राष्ट्रिय निकाय एवम अन्तर्राष्ट्रिय समुदायको निगरानीमा पर्न गई मुलुकको अर्थतन्त्रमा नकरात्मक असर पर्न जान्छ ।

अतः यस महावाणिज्यदूतावासको क्षेत्राधिकारभित्र पर्ने संयुक्त राज्य अमेरिकाका राज्यहरू न्यूयोर्क, न्यूजर्सी, कनेक्टिकटस, मासाचुसेट्स, पेनसिलभेनिया, न्यू ह्याम्पशायर, रोड आइल्याण्ड, भर्मोन्ट र मेन रहनु हुने नेपाली नागरिकहरु वा संस्थाले नेपालमा रकम पठाउँदा वा नेपालबाट रकम ल्याउँदा बैंकिङ्ग च्यानलको मात्र प्रयोग गर्नु/गराउनुहुन अनुरोध गरिन्छ ।

साथै, कुनै व्यक्ति वा संस्थाले अनौपचारिक च्यानल वा माध्यमको प्रयोग गरी विप्रेषण कारोबार (हुण्डी) गरेको सूचना/जानकारी आफूसँग भए त्यस्तो कार्य गर्ने/गराउने व्यक्ति वा संस्थाको विवरण यस महावाणिज्यदूतावासको देहायको इमेल ठेगानामा पठाई हुण्डी कारोबारलाई निरूत्साहित गर्ने कार्यमा सहयोग पुऱ्याउनुहुन सम्पूर्ण नेपाली समुदायसमक्ष अनुरोध छ ।

**सूचना/जानकारी पठाउने इमेल ठेगानाः cgnnewyork@mofa.gov.np**

हुण्डी कारोबारसँग सम्बन्धित सूचना/जानकारी/विवरण उपलब्ध गराउने व्यक्तिको विवरण गोप्य राखिने छ।

**नेपाली महावाणिज्यदूतावास**
**न्युयोर्क ।**
**मिति २०८२।०९।०२**

228 East 45th Street, 4th Floor, New York, NY 10017 Tel: 917-675-6783 Fax: 917-675-6779
Email: cgnnewyork@mofa.gov.np Website: www.nyc.nepalconsulate.gov.np